का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ माघ २०७९,
बुधबार
8 February 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १४ । पृष्ठ १६ Madhyanha National Daily www.madhyanhadaily.com




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ माघ ।

प्रतिनिधिसभाको प्रमुख विपक्षी दलको नेता को हुने भन्ने विषयमा न्यायिक परीक्षण हुने भएको छ ।

कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा विपक्षी दलको नेता हुन नसक्ने दावीसहित परेको रिट निवेदन मंगलबार सर्वोच्च अदालतमा दर्ता भएको छ ।

अधिवक्ता विमलप्रसाद पोखरेलले पेश गरेको रिट अदालत प्रशासनले संसदीय काम कारवाहीको विषय न्यायिक परीक्षण हुन नसक्ने भन्दै दरपीठ (निवेदन दर्ता गर्न अस्वीकार) गरेको थियो । दरपीठ आदेश विरुद्ध परेको निवेदनमा बिहीबार सुनुवाई गर्दै न्यायाधीश सपना प्रधान मल्लको इजलासले उक्त निवेदन दर्ता गर्नु भनी आदेश दिएको हो ।

नेपाली कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई प्रतिनिधिसभामा विश्वासको मत दिएकाले उसको संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रमुख विपक्षी दलको नेताको मान्यता दिन नहुने दावीसहित रिट निवेदन दर्ता गराएका हुन् । सर्वोच्च अदालतले बुधबारका लागि

– बाँकी पृष्ठ २ मा

## संसदमा पनि तनाव !



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २४ माघ ।

प्रतिनिधिसभाको प्रमुख विपक्षी दलको नेता को हुने भन्ने विषयमाथिको विवादले संघीय संसद सचिवालयलाई पनि तनाव भएको छ ।

संघीय संसद सचिवालयले ४ मंसिरमा निर्वाचित भएका आएका प्रतिनिधि सभा सदस्यहरुलाई तलब/सेवा सुविधा दिने तयारी गरेको छ । निर्वाचित सांसदहरुले पुस ७ गते शपथ ग्रहण गरेका थिए । शपथ ग्रहण गरेको दिनदेखि पारिश्रमिक पाउने अभ्यास छ । संसद सचिवालयका अधिकारीहरुका अनुसार पुस र माघ महिनाको तलब सांसदहरुलाई दिने तयारी अगाडि बढेको छ । तर, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले विपक्षी दलको नेताको सेवा सुविधा पाउने वा नपाउने टुंगो लागेको छैन् ।

'उहाँ (शेरबहादुर देउवा) का सन्दर्भमा के गर्ने तय भएको छैन' सचिवालयका एक अधिकारीले भने । उनका अनुसार प्रतिपक्षमै रहने भनी घोषणा नै गरेर कांग्रेसले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएको थियो । यसकारण कांग्रेस नै प्रमुख प्रतिपक्षी दल हो भन्ने विषयमा संविधान र कानूनका जानकारहरुले समेत संसद सचिवालयलाई राय दिएका छन् । तर, संसद सचिवालयले यसै गर्ने भनेर

– बाँकी पृष्ठ २ मा

> उहाँ (शेरबहादुर देउवा)का सन्दर्भमा के गर्ने तय भएको छैन ।
>
> ■ **संघीय संसद सचिवालय**

## सत्तारुढको अर्को संकट

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २४ माघ ।

सुदुरपश्चिम प्रदेशका मुख्यमन्त्री राजेन्द्र रावलले आज विश्वासको मत लिने कार्यसूची छ । गत २७ पुसमा नेकपा एमालेका नेता रावल मुख्यमन्त्री नियुक्त भएका थिए । त्यसबेला रावललाई नेकपा माओवादी केन्द्रका ११, एमालेका १०, नागरिक उन्मुक्तिका ७ र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक सांसदले समर्थन गरेका थिए । ५३ सदस्यीय प्रदेशसभामा २८ सांसदको हस्ताक्षर बुझाएर मुख्यमन्त्री निर्वाचित भएका रावलले विश्वासको मत लिन भने सजिलो भइरहेको छैन ।

> नागरिक उन्मुक्ति पार्टीले विश्वासको मत नदिए सुदूरपश्चिम प्रदेशमा नयाँ सरकार निर्माणको प्रक्रिया अगाडि बढाउनुपर्ने वैधानिक व्यवस्था छ । तर मंगलबार साँझसम्म नागरिक उन्मुक्तिले विश्वासको मत नदिने अडानलाई कायमै राखेको छ ।

नागरिक उन्मुक्ति पार्टीले आफ्नो माग पूरा नभएसम्म विश्वासको मत नदिने अडान लिएका कारण मुख्यमन्त्री रावलले अहिलेसम्म प्रदेशसभामा बहुमत देखाउन सकेका छैनन् । तर मुख्यमन्त्री नियुक्त भएको बिहीबार एक महिना पुग्ने भएकाले अहिले सत्तारुढ नेताहरुमा छटपटी देखिएको छ ।

यदि बिहीबारसम्म विश्वासको मत नपाए यो सरकार अगाडि बढ्न सक्दैन । प्रदेशसभामा बहुमत रहेको देखाउन नसकेको भनेर अर्को सरकार गठन प्रक्रिया अगाडि बढाउनुपर्ने कानूनी व्यवस्था छ । त्यसो भएमा सत्तारुढ दलको संकट सुदूरपश्चिमबाट शुरु हुनेछ ।

– बाँकी पृष्ठ २ मा

## बैंकका ठूला कर्जा जोखिममा

> तरलता अभाव, ब्याजदर वृद्धि र मागको संकुचनले अघिल्ला वर्षमा भन्दा तीन गुणा बढी व्यापारीहरु कालोसूचीमा परेका छन् ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ माघ ।

वित्तीय संस्थाको ब्याजदर बढ्दै गएको भन्दै काठमाडौं उपत्यकाका उद्योगी-व्यवसायीले लामो समयदेखि विरोध प्रदर्शन गर्दै आएका छन् । सरकारले विभेदपूर्ण व्यवहार गरेको भन्दै ब्याजदर एकल अंकमा ल्याउन माग गर्दै उपत्यकाका सबै व्यापार संघ र महासंघहरू विरोधमा उत्रिएका थिए । तर, अर्थतन्त्र सुधारका लागि सरकारको प्रयास भने बोलीमा मात्रै सीमित भएको छ । कोरोना र आर्थिक मन्दीले प्रभावित व्यापारीका समस्या समाधान गरेर अर्थतन्त्र सुधार गर्न भन्दापनि सरकारको ध्यान विचौलिया पोस्नमै गएको विज्ञहरुले बताउँदै आएका छन् ।

'सरकारको ध्यान अर्थतन्त्र सुधार र विदेशी मुद्राको विनिमय सञ्चिति बढाउनेतर्फ नै केन्द्रित हुनुपर्छ, किनभने नेपालको अर्थतन्त्र पूरै धराशायी नभएपनि खतरामुक्त भने छैन । तसर्थ, व्यापारीहरुका समस्या समेत सम्बोधन गनुपर्ने देखिन्छ,' अर्थविद् डा.चन्द्रमणि अधिकारीले भने । तथ्यांक नै हेर्ने हो भने पनि चालु आर्थिक वर्षको साढे ६ महिनामै

– बाँकी पृष्ठ २ मा



> 'सरकारको ध्यान अर्थतन्त्र सुधार र विदेशी मुद्राको विनिमय सञ्चिति बढाउनेतर्फ नै केन्द्रित हुनुपर्छ, किनभने नेपालको अर्थतन्त्र पूरै धराशायी नभएपनि खतरामुक्त भने छैन ।
>
> **डा.चन्द्रमणि अधिकारी**
> अर्थविद्

### वैदेशिक रोजगार विशेष

## सिंगापुर, पोर्चुगल तथा अफगानिस्तान पठाइदिने भन्दै झण्डै एक करोड ठग्ने दुई पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ माघ

प्रहरीले सिंगापुर, पोर्चुगल तथा अफगानिस्तानलगायतका देशहरुमा वैदेशिक रोजगारीका लागि पठाइदिने भनी ठूलो परिमाणमा रकम ठगी गरेको आरोपमा दुई जनालाई पक्राउ गरेको छ । प्रहरीले सोलुखुम्बु जिल्लाको दूधकुण्ड नगरपालिका-७ स्थायी घर भई हाल काठमाडौंको टोखा बस्दै आएका अनिल श्रेष्ठलाई पक्राउ गरेको छ ।

पक्राउ परेका श्रेष्ठले भीमबहादुर रानासहित ७ जनालाई वैदेशिक रोजगारीका लागि अफगानिस्तान, सिंगापुरलगायतका देशमा पठाइदिने झुटो प्रलोभन दिई एक जनाबाट १० लाख रुपैयाँ लाग्ने बताएर ५७ लाख ५० हजार रुपैयाँ लिई ठगी गरेको प्रहरीले बताएको छ ।

वैदेशिक रोजगारीमा पठाइदिने भन्दै आधा करोड रूपैयाँ भन्दा बढी रकम लिएर सम्पर्कविहीन भएपछि पीडित युवाहरूले प्रहरीमा खोजी गरी रकम उठाइदिन माग गर्दै जाहेरी दिएका थिए । सोही

– बाँकी पृष्ठ २ मा

## मलेसियामा रि-क्यालिब्रेसन शुल्क घटाउन माग

**काठमाडौं/मस-** मलेसियाको घरजग्गा तथा आवास विकासकर्ता संघ (रेहडा)ले आप्रवासी कामदारको रि-क्यालिब्रेसन कार्यक्रमको शुल्क अस्वभाविकरूपमा बढी तोकिएको भन्दै घटाउन सरकारसँग माग गरेको छ ।

मलेसिया सरकारले आप्रवासी कामदारलाई जरिवाना तिराएर वैधानिक बनाउने प्रक्रियालाई रि-क्यालिब्रेसन कार्यक्रमको नाम दिएको छ । त्यसका लागि अवैधानिक हैसियतमा रहेका विदेशी कामदारले १५ सय रिँगेट शुल्क तिर्नुपर्ने व्यवस्था गरिएको छ । ६ महिना अघिसम्म उक्त जरिवाना रकम ५ सय रिँगेट मात्रै थियो ।

विदेशी कामदारको अभाव झेलिरहेको मलेसियामा अवैधानिक भएर बसेका विदेशी कामदारलाई अद्यावधिक गराएर वैधानिकरूपमा काम

– बाँकी पृष्ठ २ मा



**Urgently Required**

**Sourcing Officers -PRO (Male/Female)** 3 Nos.

Requirements:

- » 2 years experience in related field.
- » Bachelor's Degree
- » Should have knowledge of social media.
- » Take the responsibility of sourcing the right candidates matching with the required positions through various strategies, shortlisting CVs and performing pre-screening & follow-up calls.

**Recruitment Coordinators (Male/Female)** 2 Nos.

Requirements:

- » Fresher can apply.
- » Bachelor's Degree
- » Should have knowledge of social media.
- » responsible for coordinating the potential candidates in recruiting of the right candidates for the right positions successfully by coordinating the potential candidates through various channels of communication.

Salary is Negotiable

Interested candidates may email their CVs along with the relevant documents to career@motherlandoverses.com

Motherland Overseas Pvt Ltd
www.motherlandoverseas.com
Dhumbarahi, Opposite DBA School, Ktm, Nepal
Tel: +977 1 496 1111
cv@motherlandoverseas.com
9802344777
014961111

**QATAR मा रोजगारको अवसर** | कम्पनी : PREFERENCE CARE
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/03/१४ चलानी नं.: ६०१८२००९ LT. No.: 266090 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Nurse | 0 | 3 | स. काममा दक्ष | 4200 | १५२,२०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

VMS
श्रम इजाजत नं. ९२६/०६७/०६८
VASTU MANAGEMENT SERVICE PVT.LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel. : 01-4561217, 4561317, Mob.: 9808772723
E-mail : info@vmsnepal.com, vmsnepal@gmail.com

**UAE मा बैदेशिक रोजगारको अवसर**

कम्पनी: DUSSMANN GULF LLC शहर: UAE,DUBAI

पूर्व स्वीकृत मिति: २०७८/०८/१५ चलानी नं.: ६०१६९२६६ LT. No.: 252618 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaners | 90 | 7 | स. काममा दक्ष | 800 | २८,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

नोट: ❖ सामान्य हिन्दी, अंग्रेजी बुझ्ने र उमेर १९ बर्ष देखि ३८ बर्ष हुनुपर्ने ।
❖ Approval तयार रहेकोले Visa २ हप्तामा पाइनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

२०७९ माघ २५, २७, २८ र फागुन २ (8, 10, 11 and 14 Feb. 2023)गते फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा हुनेछ ।
२०७९ फागुन १ (3 Feb. 2023) गते बुटवल (ग्रिन भ्याली पार्टी प्यालेस)मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्भौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि. श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801051244 | 9801175502 | 9801175503

## प्रजातन्त्र दिवस मूल समारोह समिति गठन

**काठमाडौं/मस–** सरकारले आगामी फागुन ७ गते विविध कार्यक्रमका साथ प्रजातन्त्र दिवस मनाउने निर्णय गरेको छ । दिवस मनाउन प्रधानमन्त्रीको संयोजकत्वमा मूल समारोह आयोजक समितिसमेत गठन गरिएको छ ।

मंगलबार बिहान प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा मूल समारोह समितिको बैठक पनि बसेको थियो । बैठकमा बोल्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रजातन्त्र दिवस, लोकतन्त्र दिवस, गणतन्त्र दिवसमा एकै प्रकृतिका कार्यक्रम गरिँदै आएकाले त्यसमा पुनर्विचार गर्नुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'हामीले गणतन्त्र दिवस मनाउँछौं, प्रजातन्त्र दिवस मनाउँछौं, लोकतन्त्र दिवस मनाउँछौं । तर, ती सबै कार्यक्रमको चरित्र एउटै छ । त्यसलाई कसरी एकीकृत गर्ने, राष्ट्रिय दिवसमा जनताको सहभागिता कसरी गर्ने भन्नेबारे पनि छलफल आवश्यक छ ।'

प्रधानमन्त्री प्रचण्डले सरकारी विदा धेरै भएकाले सेवा प्रवाह प्रभावित हुने भएकोले सरकारी विदाबारे पुनर्विचार आवश्यक भएको बताए । 'हाम्रा सरकारी विदाहरू धेरै भए। यसले जनताका काम गर्ने समय कम भएको छ, सेवा प्रवाहमा समस्या देखिएको छ । यसबारे पुनर्विचार आवश्यक छ भनेर हामीले मन्त्रिपरिषदमा पनि छलफल गरेका छौं । गृहकार्य गरेर यसमा पुनर्विचार गर्नुपर्छ,' उनको भनाइ थियो ।

## उचित मूल्य नपाएको भन्दै प्रदर्शन

**मध्यान्ह संवाददाता**
बिर्तामोड, २४ माघ

झापाका किसानले कुखुरासहित प्रदर्शन गरेका छन् । कुखुराको उचित मूल्य नपाएको भन्दै उनीहरुले मंगलबार सडकमा कुखुरा र अण्डा फालेर विरोध प्रदर्शन गरेका हुन् । कुखुरा र अण्डा बिचौलियाका कारण बिक्री नभएको उनीहरुको आरोप छ । जिल्लामा अण्डा उत्पादक, कुखुरा पालक, बाख्रा पालकसहितका किसान आन्दोलित भएका हुन् । उनीहरू करिब ४ सय कुखुरा र २० कार्टुन अण्डासहित प्रर्दशनमा उत्रिएका थिए ।

झापामा दैनिक एक हजार ५ सय कार्टुन अण्डा उत्पादन हुन्छ । तर खपत जिल्लामा मात्र दैनिक ३ हजार कार्टुनभन्दा बढी रहेको मेचीनगर नगरपालिका २ का किसान चुडामणि (सीएम) मगरले जानकारी दिए । बजारको मागभन्दा आधा कम उत्पादन भएपनि बिक्री नभएको उनलको भनाइ छ ।

आफ्ना उत्पादनले उचित मूल्य र बजार पाउनु पर्ने माग गर्दै आफूहरुले अण्डा र कुखुरा सडकमा फालेर सरकारको ध्यानाकर्षण गराएको प्रदर्शनमा सहभागी किसान भरत चम्लागाईंले बताए । कृषिमा आत्मनिर्भर होउ भनेर सरकारले गरेको आग्रहअनुसार आफूहरु कृषि कर्ममा लागेको र उत्पादन पनि गरेको तर सरकारले त्यसको बजारीकरण नगरेकाले बाध्य भएर सडकमा उत्रिनु परेको उनले बताए ।



### किसान संघर्ष समितिद्वारा आयोगको ध्यानाकर्षण

तरकारी तथा कृषिजन्य वस्तुको उचित मूल्य प्राप्त नभएको भन्दै किसान सङ्घर्ष समितिले राष्ट्रिय किसान आयोगको ध्यानाकर्षण गरेको छ । समितिका संयोजक लेखनाथ भुसालले आयोगका सदस्य टेकबहादुर बोगटीलाई मंगलबार ज्ञापनपत्र बुझाएका हुन् । तरकारी तथा पशुजन्य उत्पादनलाई सरकारी निकायबाट संरक्षण प्राप्त नभएको र भारतीय बजारबाट तरकारी तथा कृषिजन्य वस्तुको आयात नरोकेको ज्ञापनपत्रमा उल्लेख छ । उनले किसानको सूचीकरण, वर्गीकरण एवं परिचयपत्र वितरण तथा क्षेत्रफलका आधारमा अनुदान दिने नीति निर्माण तथा कृषिलाई औद्योगिकीकरण गर्नुपर्ने, तरकारी तथा कृषि उपजको लागत मूल्यका आधारमा समर्थन मूल्य निर्धारण गर्नुपर्ने, रासायनिक मल, बीउ, बिजन र विषादी सर्वसुलभ तथा समयमै उपलब्ध गराउनुपर्ने, बाँझो जमिनमा अनिवार्य खेती गर्न लगाउन कडा कानुन बनाउनुपर्नेलगायत माग समितिले राखेको छ ।

ज्ञापनपत्र बुझ्दै आयोगका सदस्य बोगटीले सङ्घर्ष समितिले पेश गरेको माग समाधानका लागि पहल गरिने बताए । कार्यक्रममा कृषि ज्ञान केन्द्र चितवनका प्रमुख युवराज पाण्डेले किसानका मागबारे केन्द्रको ध्यानाकर्षण भएको बताए । किसान आयोगका सदस्यसचिव दुर्गाप्रसाद पण्डितले गुनासा आयोगको निःशुल्क टोल फ्री नं १६६००१०६१८२ मा सिधै सम्पर्क गरी पठाउन किसानलाई आग्रह गरेका छन् ।

### प्रमुख...

माथि प्रारम्भिक सुनुवाइको मिति तोकेको छ । रिट निवेदनमा देउवाका साथै संघीय संसद सचिवालय, सभामुख, संवैधानिक परिषद र कांग्रेस संसदीय दलको कार्यालयलाई पनि विपक्षी बनाइएको छ ।

### सत्तारूढको...

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बनिरहँदा सात मध्ये चार प्रदेश एमाले, दुई प्रदेश माओवादी केन्द्र र मधेश प्रदेशको नेतृत्व जनता समाजवादी पार्टी (जसपा) ले लिएको छ ।

तर नागरिक उन्मुक्तिले टीकापुर घटनाका आरोपितहरुको रिहाइलाई एजेण्डा बनाएर मुख्यमन्त्री रावललाई विश्वासको मत दिन मानिरहेको छैन । मंगलबार पनि नागरिक उन्मुक्ति पार्टीका नेताहरुले आफ्नो माग सुनुवाइ नभए विश्वासको मत नदिने बताएका छन् । रेशमको मुद्दामा सर्वोच्च अदालतमा सुनुवाइ अगाडि बढेपनि नागरिक उन्मुक्तिले प्रदेशसभामा पनि भागबण्डा सुनिश्चित गर्न माग गरेको छ । नागरिक उन्मुक्ति निर्णायक शक्ति रहेकाले पनि सत्तारुढ दबावमा देखिन्छन् ।

सुदूरपश्चिममा कांग्रेससँग १९, नेकपा एकीकृत समाजवादीसँग ४ र एक स्वतन्त्र सांसद अहिलेको सरकार भन्दा बाहिर छ । यदि नागरिक उन्मुक्तिले कांग्रेस नेतृत्वको गठबन्धनलाई साथ दिए अर्को सरकार बन्नेछ । कांग्रेस र एकीकृत समाजवादीका नेताहरुले यो समीकरण अगाडि बढाउने प्रयत्न समेत गरिरहेकै छ । यसबाहेक अरु दुई विकल्पमा पनि सरकार बन्न सक्छ । त्यो भनेको कांग्रेसले एमाले वा माओवादी केन्द्रलाई साथमा लिएर सरकार बनाउन सक्छ । तर यी सबै बिकल्पले अहिलेको सत्तारुढ संकटमा पर्ने प्रष्ट छ ।

### संसदमा...

तय गरेको छैन । कांग्रेस नै प्रमुख प्रतिपक्षी दल भएको निर्क्यौल हुँदा शेरबहादुर देउवाले प्रमुख विपक्षी दलको नेताको हैसियतमा पारिश्रमिक प्राप्त गर्नेछन् । प्रमुख विपक्षी दलको नेतालाई पारिश्रमिकबाहेक विशेष भत्ता, बैठक भत्ता, सञ्चार सुविधा अन्तर्गत टेलिफोन, इन्टरनेट र पत्रपत्रिकाका लागि मासिक रकम, आवास सुविधा वापत मासिक २५ हजार ६०८ रुपैयाँ, फर्निचर खर्च, निजी सचिवालय बन्दोबस्त खर्च, गार्डघर, सवारीका लागि इन्धन सुविधा, मोविल, बिजुली धारा खर्च, दैनिक भ्रमण भत्ता, यात्रा बिमा लगायतका सुविधा प्राप्त हुन्छ ।

विपक्षी दलको नेतालाई स्वकीय सचिव, कम्प्युटर अप्रेटर, कार्यालय सहयोगी र सवारी चालक दुई/दुई जना, सैनिक प्रहरी जवान सिपाही १० जना, विल्लादार गार्ड र अंग रक्षक एक/एक जना दिइन्छ । अतिथि सत्कार खर्च, कार्यालयमा कम्प्युटर सहितका सामग्री, दुई वटा साइकल सुविधा पनि विपक्षी दलको नेताले प्राप्त गर्दछ ।

विपक्षी दलको नेता नहुँदा अन्य सांसद सरह सेवा सुविधा प्राप्त हुने कानुनी व्यवस्था छ । तर, कांग्रेस सभापति शेरबहादुर देउवाले विपक्षी दलको नेताको मान्यता नपाए पनि पूर्वप्रधानमन्त्रीका हैसियतमा विशिष्टिकृत सुविधा प्राप्त गर्नेछन् । सभामुख देवराज घिमिरेले यस विषयमा प्रष्ट धारणा नदिएका कारण पनि समस्या भएको संसद सचिवालयकै कतिपय अधिकारीहरुको भनाइ छ । सभामुख घिमिरेसमक्ष नेपाल मजदुर किसान पार्टी (नेमकिपा)का सांसद प्रेम सुवालले समेत विपक्षी दलको मान्यता माग गर्दै निवेदन दिएका छन् ।

कांग्रेसले समेत विपक्षी दलको नेताले प्राप्त गर्ने सेवा सुविधाबारे जानकारी माग गर्दै पत्र लेखेको थियो । कांग्रेसको पत्रको भने संसद सचिवालयले जवाफ पठाइसकेको छ । उक्त जवाफमा विपक्षी दलको नेताले प्राप्त गर्ने सेवा सुविधाबारे जानकारी दिइएको संसद सचिवालयका अधिकारीहरु बताउँछन् ।

मंगलबार मात्रै देउवालाई विपक्षी दलको नेता नबनाउन माग गरेको सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । अधिवक्ता विमलप्रसाद पोखरेलले पेश गरेको रिटमा 'शेरबहादुर देउवालाई विपक्षी दलको नेता नबनाउनू' भन्ने आदेशको माग गरिएको छ ।

### बैंकका...

१३ हजार २ सय बढी ऋणी कालोसूचीमा परेका छन् । आ.व. ०७२/७३ देखि ०७५/७६ सम्म चार वर्षमा तीन हजार नौ सय १० मात्रै कालोसूचीमा परे भने ०७६/७७ मा तीन हजार दुई सयजना कालोसूचीमा परेका थिए । तर, हाल भने उक्त दर १० हजारले बढिसकेको तथ्यांकले देखाउँछ । तरलता अभाव, ब्याजदर वृद्धि र मागको संकुचनले अघिल्ला वर्षमा भन्दा तीन गुणा बढी व्यापारीहरु कालोसूचीमा परेका हुन् ।

बैंकको बढ्दो ब्याजदर र आर्थिक नियमनमा सुस्तता देखिँदा व्यापारीहरु आत्महत्या गर्ने बाटासम्म पुगेको उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष पशुपति मुरारका बताउँछन् । 'राज्यले उद्योगको विकासका लागि भन्दा पनि राजस्व सङ्कलनमा मात्रै ध्यान दिएको छ, अझ उद्योग फस्टाउन नपाउँदै कसरी निमोठ्ने भन्नेमा राज्यको ध्यान देखिन्छ । त्यसरी उद्योग फस्टाउन सक्दैन, बैंकको चर्को ब्याज नघटाए र सहज व्यवसाय गर्ने वातावरण नभए धेरै उद्योगीले आत्महत्या गर्न सक्छन्,' उनले भने । साथै उनले झन्झटिलो नीति नियम र राजनीतिक दलले आर्थिक एजेन्डाप्रति उदासीनता देखाउँदा निजी क्षेत्रले उद्योग, पर्यटन, जलविद्युत्, कृषिलगायत सम्भावनाको क्षेत्रमा लगानी गर्न असहजता पैदा भएको बताएका छन् ।

त्यतिमात्रै होइन, बैंकहरुको लगानी समेत जोखिममा जाने समस्या पनि बढेको छ । चालु आर्थिक वर्षको पुससम्ममा निस्क्रिय कर्जा औसतमा २.२९ प्रतिशत पुगेको नेपाल बैंकर्स संघको तथ्यांकले देखाउँछ । तथ्यांक अनुसार ०७५ असारमा बैंक तथा वित्तीय संस्थाको कर्जा लगानी २४ खर्ब १९ अर्ब रुपैयाँ भने ०७९ मंसिरसम्म यो दर बढेर ४७ खर्ब ९४ अर्ब रुपैयाँ पुगेको छ । त्यतिमात्रै होइन अहिले ऋणी खाता संख्या ४० प्रतिशतले बढेर १८ लाख १५ हजार पुगेको छ भने ०७५ असारमा ऋणीको खाता संख्या १३ लाख १ हजार मात्रै रहेको थियो । यिनै तथ्यांकले पनि एकातिर बैंक ब्याजदर बढ्ने अनि अर्कोतिर कर्जा उठ्न समस्या हुने देखिएको छ । तसर्थ, अर्थतन्त्र सुधार गरेर व्यवसाय बाँच्ने किसिमका नीति ल्याउन व्यवसायीले माग गर्दै आएका छन् ।

### सिंगापुर...

जाहेरीका आधारमा श्रेष्ठलाई पक्राउ गरेको प्रहरीले बताएको छ । श्रेष्ठलाई वैदेशिक रोजगार ऐन अन्तर्गत कारबाहीका लागि वैदेशिक रोजगार विभाग बुद्धनगर पठाइएको प्रहरीले बताएको छ ।

त्यसैगरी वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाइदिन्छु भनी नक्कली कागजातसमेत दिएर ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-४ बालुवाटार घर भई टोखा ग्राण्डी अस्पताल नजिकै बस्ने रोहित प्रजापति भन्ने रंजित श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ ।

उनले बालुवाटारमा संयुक्त नेपाल अनाथ आश्रम असहाय समाज संस्था सञ्चालन गरेको र आफू उक्त संस्थाको केन्द्रीय अध्यक्ष भएको भन्दै पोर्चुगलमा संस्थाको सेमिनार हुन लागेको र उतै काममा लगाइदिने प्रलोभन दिएर ८ जनाबाट ३३ लाख ५० हजार रुपैयाँ ठगी गरेको प्रहरीले बताएको छ ।

श्रेष्ठले पोर्चुगल पठाई कामसमेत लगाइदिने भनी विश्वासमा पारेर भिसा प्रोसेसिङ एवम् हवाई टिकटका लागि भन्दै उक्त रकम लिई ठगी गरेको प्रहरीको दाबी छ । प्रहरीमा जाहेरी दिनेहरूका नाममा जारी गरिएको हवाई टिकट तथा भिसा नक्कली भएको अनुसन्धानको क्रममा खुलेको प्रहरीले बतएको छ ।

केही समययता वैदेशिक रोजगार व्यवसायको अनुमति नलिएका कन्सल्ट्यान्सी, ट्राभल्स व्यवसायीमात्रै नभएर तालिम प्रदायक संस्थाले पनि वैदेशिक रोजगारका नाममा ठगी गर्ने प्रवृत्ति व्यापक बनेको विभागले बताएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि व्यक्तिगत श्रम स्वीकृतिमा वैदेशिक रोजगारीमा जाँदा ठगी बढेको भन्दै सरकारी दस्तुरबाहेक कसैलाई कुनै पनि प्रकारको शुल्क बुझाउनु नपर्ने बताएको छ । मन्त्रालयले कसैले भ्रम र दबाबमा पारेर गैरकानूनीरूपमा रकम माग गरेमा तत्काल मन्त्रालयलाई जानकारी गराउन आग्रह गर्दै ठगी गर्नेलाई कानूनीरूपमा हदैसम्मको कारबाही गर्ने बताएको छ ।

### मलेसियामा...

गर्न रि-क्यालिब्रेसन कार्यक्रम सञ्चालन गरेको छ । उत्पादन, निर्माण, खानी तथा उत्खनन, सुरक्षा गार्ड, सेवा, कृषि, प्लान्टेसन र घरेलु कामदार गरी आठ क्षेत्रलाई समेट्ने गरी रि-क्यालिब्रेसनको कार्यक्रमलाई सन् २०२३ को अन्त्यसम्म विस्तार गरिएको छ ।

रेहडाले अवैधानिकरूपमा बसेका आप्रवासी कामदारको जरिवाना रकम सरकारको आम्दानीको स्रोतका रूपमा प्रयोग गर्न नहुने भन्दै कागजात नभएका आप्रवासी कामदारहरू भएका सबै उद्योगका रोजगारदाताहरूलाई कामदारको भलाइको सुरक्षा सुनिश्चित गर्न र बिना समस्या पुनः काम गर्ने वातावरण निर्माण गर्न पनि माग गरेको छ ।

## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

**यस ट्रेस इन्टरनेशनलले चाइनाबाट पैठारी गरिएको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**तपशिलः**

| सि. न. | माल वस्तुको विवरण | आकार/ प्रकार | ब्राण्ड | मोडल | क्षमता/ व्यक्ति | उत्पादित मुलुक/ राष्ट्र | इकाई | अधिकतम बिक्री मूल्य (MRP) |
|---|---|---|---|---|---|---|---|---|
| १ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक | ट्रेस | JY1200DT-14C | १७५ kg/२ जना | चीन | पिस | ८३,९००/- |
| २ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक | ट्रेस | JY380AD-28C | १७५ kg/२ जना | चीन | पिस | ८३,९००/- |
| ३ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक | ट्रेस | JY2600T-36C | १७५ kg/२ जना | चीन | पिस | ८३,९००/- |
| ४ | इलेक्ट्रिक स्कुटर | इलेक्ट्रिक | ट्रेस | JY800DQT-26C | १७५ kg/२ जना | चीन | पिस | ७६,५००/- |
| ५ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | FT3 | 4 Passenger, 1 Driver | चीन | पिस | २,४३,५००/- |
| ६ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | E5 | 6 Passenger, 1 Driver | चीन | पिस | २,३०,५००/- |
| ७ | इलेक्ट्रिक रिक्सा | इलेक्ट्रिक | ट्रेस | DB | १००० kg | चीन | पिस | २,२२,५००/- |

अधिकृत बिक्रेता: ट्रेस इन्टरनेशनल — विरगञ्ज-१३, श्रीपुर, पर्सा, सम्पर्क: ९८१९२१०६४२
एक्जीम कोड नं. ६०३८३०४३१०१२० NP — फोन नं. ९८५५०२५०५१

## भूल सुधार

मिति २०७९/१०/२३ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षक कम्पनीको नामः **IRON PLEDGE PROTECTION SDN BHD (1047839-V)**, पूर्व स्वीकृत मितिः २०२२/१०/११, चलानी नं.: **६०१८८९७५** र L.T. No.: 273252 को विज्ञापन भुलवस प्रकाशित भएकोले विज्ञापनलाई रद्द गरिएको सबैमा जानकारी गराउँदछौं । साथै यस शिर्षकको विज्ञापन मिति २०७९/१०/२२ गते नै प्रकाशित भएको हुनाले सो मितिमा प्रकाशित भएको विज्ञापन नै आधिकारीक भएको यसै सूचना मार्फत सबैमा जानकारी गराउँदछौं ।

मिति २०७९/१०/२२ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मलेसियामा रोजगार शिर्षक कम्पनीको नामः **IRON PLEDGE PROTECTION SDN BHD (1047839-V)**, पूर्व स्वीकृत मितिः २०२२/१०/११, चलानी नं.: **६०१८८९७५** र L.T. No.: 273252 को विज्ञापनमा अन्तर्वार्ता मिति २०७९ फागुन ११, १२, १३ र १४ **(23, 24, 25 & 26 Feb. 2023)** गते हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

Seven Seas Intercontinental Services Pvt. Ltd.
Lic No.888/067/068 दाई कम्प्लेक्स, गुहेश्वरी काठमाडौं Phone : 01- 5107440
E-mail : info@smanpower.com / Web.: www.smanpower.com

## त्रिपुरासुन्दरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

त्रिपुराकोट, बगर, डोल्पा
कर्णाली प्रदेश, नेपाल

### सच्याईएको बारे

**प्रकाशित मितिः २०७९/१०/२५ गते**

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति २०७९।०९।२५ गते मध्यान्ह राष्ट्रिय दैनिकमा E-Bidding मार्फत प्रकाशित सुचना Hydrulic Excavator खरिदको ठेक्का नं. TM/NCB/06/2079-080 मा Technical Specifications केहि त्रुटि हुन गएकोले सो त्रुटि सच्याउनुपर्ने भएको हुदा यसै सुचना मार्फत उक्त गल्ती सच्याईएको तथा सार्वजनिक खरिद ऐन, २०६३ अनुसार ठेक्का खोल्ने समय ४ दिन थप भएको जानकारी गराईन्छ ।

नि. प्रशासकिय अधिकृत

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office (IDO)
**Salyan, Nepal**

## Invitation for Bids

**IFB No: 05-079/080**
**Date of First Publication: 2079/10/25 (8th Feb, 2023)**

- Infrastructure Development Office (IDO), Salyan invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S.N | Contract Identification Number/Work Description | Estimated Amount without VAT and PS (NRs.) | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) | Bid Validity Period / Bid Security Period |
|---|---|---|---|---|---|
| 1 | Baghachaur nipane Nayabasti Sanigare To Puchhala Road Contruction IDO/SLN/NCB/W/18/79/80 | 3,384,240.94 | 90000.00 | 3000 | 90 days /120 days |
| 2 | Khara syal maineli lakhark road upgrade IDO/SLN/NCB/W/19/79/80 | 3,393,338.91 | 90000.00 | | |
| 3 | Chhinchu-Chhariban-Kalche-Salyan-Dang Road IDO/SLN/NCB/W/20/79/80 | 6,350,633.34 | 170000.00 | | |
| 4 | Chisapani Balledanda Nigalkhola Chaurjahari Link Road IDO/SLN/NCB/W/21/79/80 | 6,824,361.83 | 180000.00 | | |
| 5 | Jhankhani AakasheTo Tribeni Road Construction IDO/SLN/NCB/W/22/79/80 | 3,007,304.35 | 80000.00 | | |
| 6 | Neta to Barule jyula road upgrade IDO/SLN/SQ/W/23/79/80 | 1,256,073.01 | 33000.00 | 1000 | 45 days /75 days |

- Eligible Bidders may obtain further information at the office of Infrastructure Development Office, Salyan Phone No:- 088-401138 Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
- Bidder have only option to submit their bid electronically may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.
- **Information to Deposit the Cost of Bidding Documents in Bank**
  - **Name of the Bank : Nepal Bank Limited, Salyan**
  - **Name of Office : Infrastructure Deveolpment Office, Salyan**
  - **Office Code no. : 3370160016**
  - **Office Account no. : 27502000001001000001**
  - **Revenue Head no. : 14229**
- **Information to Deposit the Bid Security Amount**
  - **Name of the Bank : Nepal Bank Limited, Salyan**
  - **Name of Office : Infrastructure Deveolpment Office, Salyan**
  - **Account name : Pradesh lekha ekai karyalae (Dharauti khata)**
  - **Account No : 07402000002003000001**
- Electronic bids must be submitted to Infrastructure Development Office, Salyan through PPMO website www.bolpatra.gov.np/egp. On or before 12:00 Noon. on (2079/11/21), March 5, 2023 for NCB and on (2079/11/12), Feb 24, 2023 for SQ. Interested eligible bidders must purchase the bid before office hour On (2079/11/21), March 5, 2023 for NCB and on (2079/11/12), Feb 24, 2023 for SQ.
- Electronic bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 hrs. on (2079/11/21), March 5, 2023 for NCB and on (2079/11/12), Feb 24, 2023 for SQ at Infrastructure Development Office, Salyan. .
- Bid must be valid for a period of 90 days for NCB and 45 days for SQ after opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format, amounting to a minimum of mentioned in table above which shall be valid for 30 days behind the bid validity period.
- If the last date of bid submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same specified for the original last date of bid submission.
- Other mandatory information as per public procurement Act. 2063 and Public procurement regulation 2064.
- The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# दैलेखमा पेट्रोलियम अन्वेषण गरिने



**काठमाडौं/मस**–सरकारले दैलेखको भैरवी गाउँपालिका-१ जलजलेमा पेट्रोलियम अन्वेषण गर्ने भएको छ। उक्त प्रयोजनका लागि का लागि जलजलेमा ४५ रोपनी जग्गा अधिग्रह गर्ने सोमबारको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको सरकारका प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताइन्।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले पेट्रोलियम अनवेषणका लागि सो जग्गा प्राप्तिका लागि स्वीकृति दिने निर्णय गरेको बताइन्। मन्त्रिपरिषद् बैठकले नागमती बाँध आयोजनाको कार्यान्वयनका अघि बढाउन काठमाडौंको गोकर्णेश्वर नगरपालिका-१ मा रहेको करिब १४ रोपनी जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ।

त्यस्तै, बैठकले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देललाई दक्षिण अफ्रिकामा हुने आइडब्लुएमआइ छलफलमा भाग लिन स्वीकृति दिएको छ।

**रक्षामन्त्रीको भारत भ्रमण**

रक्षामन्त्री हरिप्रसाद उप्रेतीले आगामी फागुन १ देखि ५ गतेसम्म भारत भ्रमण गर्ने भएका छन्। मन्त्रिपरिषद्को बैठकले रक्षामन्त्री उप्रेतीको नेतृत्वको भारत भ्रमण स्वीकृत गर्ने निर्णय गरेको सञ्चारमन्त्री शर्माले बताइन्। उनले रक्षामन्त्रीको भारत भ्रमण नियमित सुरक्षासम्बन्धी दुई देशीय छलफलको आयोजना गर्ने बैठक भएको बताइन्।

त्यस्तै बैठकले आगामी फागुन ५ र ६ गते भारतमा आयोजना हुने नेपाल-भारत विद्युत् व्यापार सम्झौताअन्तर्गतको संयुक्त कार्य समूह तथा संयुक्त सञ्चालक समितिको दशौँ बैठकमा भाग लिन ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव दिनेशकुमार घिमिरेको नेतृत्वको प्रतिनिधिमण्डललाई स्वीकृति दिने निर्णय गरेको छ।

त्यसैगरी अन्तर्राष्ट्रिय आणविक ऊर्जा एजेन्सीको आयोजनामा अष्ट्रियाको भियनामा आगामी चैत ६ गतेदेखि ८ गतेसम्म हुने 'टीसी एसिया एन्ड दि प्यासिफिक एनएलओ वर्कसप' मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव (विज्ञान तथा प्रविधि) प्रमिलादेवी शाक्य बज्राचार्यलाई भाग लिन स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ।

बैठकले फागुन १ गतेदेखि ३ गतेसम्म थाइल्याण्डको बैंककमा हुने क्षयरोग, एचआईभी एड्स र मलेरियासम्बन्धी दक्षिण पूर्वी एसिया क्षेत्रका मुलुकको गोष्ठीमा भाग लिनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अतिरिक्त स्वास्थ्य सचिव डा.संगीता कौशल मिश्रलाई सहभागी हुन स्वीकृति दिने निर्णय भएको सञ्चारमन्त्रीले बताइन्।

# संसदीय समितिको निर्देशन कार्यान्वयन भए/नभएको परीक्षण गरिने

**काठमाडौं/मस**–संसदीय समितिमा राजनीतिक दलका शीर्ष नेताको नियमितरुपमा अनिवार्य उपस्थितिदेखि विषयगत समितिको संख्या बढाउनुपर्छ भन्नेसम्मका विषयमा गहन छलफल भएको छ। प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको मंगलबारको बैठकमा नियमावली माथिको छलफलमा स्वार्थ बाजिएका सांसदलाई समितिमा राखिन नहुने तथा दिएका निर्देशन सरकारले अनिवार्य पालना गर्ने व्यवस्थाका लागि सुझाव दिइयो।

समितिले क्षेत्राधिकार नाघेर समितिले निर्देशन दिन नहुने तथा दिएका निर्देशन कार्यान्वयन भए नभएको परीक्षण गर्न विशेष समिति बनाउन पनि सुझाव प्रस्तुत भएको छ। समिति सदस्य एवं पूर्वसभामुख सुवास नेम्वाङले संसद र समितिका गतिविधिलाई पारदर्शी र जवाफदेही तुल्याउन निर्देशन पालनामा कडाइ तथा विधेयकमाथिको छलफलमा सरकारका मन्त्रीको उपस्थित हुने व्यवस्था गर्न आवश्यक रहेको धारणा व्यक्त गरे।

समिति सदस्य एवं पूर्वमन्त्री रमेश लेखकले कानून निर्माण र सरकारका कामको अनुगमन गर्ने भूमिकामा रहेका संसदीय समितिलाई प्रभावकारी तुल्याउन क्षेत्राधिकार नाघेर निर्देशन दिने कार्यलाई रोकेर बैठकमा उठेका विषयलाई मन्त्रीले सुन्ने र जवाफदेही बनाउन आवश्यक रहेको बताए।

सांसद महेश बर्तौलाले स्वार्थ बाझिएकालाई समितिमा जानबाट रोक्ने नियमावलीमै व्यवस्था हुनुपर्ने बताए। समिति सदस्य प्रेम सुवालले संसद् र समितिले दिएका निर्देशनको पालना गर्न तथा नियमित बैठकमा नआउने सदस्यलाई हटाउने व्यवस्था गर्न ध्यानाकर्षण गराएका थिए।

सांसद अम्रेशकुमार सिंहले समिति गठनको १५ दिनभित्रै सभापतिको चयन तथा प्रवेश गरेको एक वर्षभित्रै अनिवार्यरुपमा विधेयक पारित गर्ने व्यवस्था गर्नुपर्ने बताए। सांसद लिला श्रेष्ठले विगतदेखि नै गम्भीररुपमा प्रश्न उठेकाले स्वार्थ बाजिएका व्यक्तिलाई समितिमा राखिन नहुने धारणा राखे।

समिति सदस्य एवं पूर्वमन्त्री हितराज पाण्डेले हाल कायम रहेका १० विषयगत समितिको कार्य जिम्मेवारी हेरफेर र परिमार्जन आवश्यक रहेको विचार प्रकट गरे। सांसद सीता गुरुङले समिति सभापतिको चयनमा समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसात् गर्न नियमावलीमै त्यो व्यवस्था गर्न सुझाव दिए।

# बोक्सी आरोप लाउनेलाई कैद सजाय



**ओखलढुंगा/मस**–ओखलढुंगा जिल्ला अदालतले बोक्सीको आरोप लगाउनेलाई कैद सजायको फैसला गरेको छ।

जिल्लाको मोलुङ गाउँपालिका-१ की ६४ वर्षीया एक वृद्धालाई बोक्सीको आरोप लगाई कुटपिट गरेको आरोपमा सोही स्थानका दुई जनाविरुद्ध कैद सजायको फैसला भएको हो। बोक्सीको आरोप लगाई वृद्धालाई आगोले पोल्ने ५० वर्षीय दीपक विश्वकर्मा र २७ वर्षीया मुना विश्वकर्माविरुद्ध अदालतले कैद र जरिवानाको फैसला गरेको हो। जिल्ला न्यायाधीश टीकाराम आचार्यको एकल इजलासले दीपकलाई पाँच वर्ष कैदसहित रु ६० हजार जरिवाना र मुनालाई पाँच वर्ष कैदसहित रु ५० हजार जरिवानाको फैसला गरेको छ।

सोही घटनामा संलग्न एक १७ वर्षीया किशोरीको हकमा उनका अभिभावक झिकाई वास्तविक अवस्था बुझी बाँकी कारबाहीको प्रक्रिया अगाडि बढाउने अदालतले जनाएको छ। पीडितलाई नगद रु.६० हजार क्षतिपूर्ति तिर्नुपर्ने फैसलासमेत भएको छ। दीपकले रु ३० हजार, मुनाले रु १५ हजार र रु १५ हजार स्थानीय तहले पीडित महिलालाई दिनुपर्ने अदालतबाट फैसला भएको ओखलढुंगा जिल्ला अदालतका स्रेस्तेदार नवीन खनालले बताए।

बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ को दफा (१२) २ मा उल्लेख भएको व्यवस्थाअनुसार सम्बन्धित स्थानीय तहले रु.१५ हजार व्यहोर्नुपर्ने फैसला भएको स्रेस्तेदार खनालको भनाइ छ।

विसं २०७५ वैशाख ८ गते दीपक, मुना र एक किशोरीले बोक्सीको आरोप लगाई वृद्धालाई कुटपिट गर्दै आगोले पोलेका थिए। पीडित वृद्धाले जिल्ला प्रहरी कार्यालय ओखलढुंगामार्फत न्यायका लागि चार वर्षअघि जिल्ला अदालतमा मुद्दा दर्ता गराएका थिए। जिल्ला न्यायधिश आचार्यको इजलासले बोक्सीको आरोप (कसुर र सजाय) ऐन, २०७२ को दफा (३) १ (छ) बमोजिम कसुर ठहर गर्दै अदालतले सजाय तोकेको हो। जिल्लामा बोक्सी आरोपका थुप्रै घटना मिलापत्रमा टुंग्याउने गरिए पनि अदालतमा पुगेको यो मुद्दा भने पीडितकै मागदाबीअनुसार फैसला भएको छ।

# गोर्खा भर्तीमाथि पुनरावलोकन गर्न सर्वोच्चको निर्देशनात्मक आदेश



**काठमाडौं/मस**– गोर्खा भर्तीसम्बन्धी सन् १९४७ को सन्धि खारेजको माग गर्दै दायर भएको रिटमा सर्वोच्च अदालतले खारेज गरेको छ। सर्वोच्च अदालतका न्यायाधीश आनन्दमोहन भट्टराई र सुष्मालता माथेमाको इजलासले रिट खारेज गरेको हो।

ब्रिटिस गोर्खा भूतपूर्व सैनिक संघले गोर्खा भर्ती सम्झौता खारेजीको माग गर्दै २०७४ जेठ २६ गते सर्वोच्च अदालतमा रिट दायर गरेको थियो।

संघका तर्फबाट पदमसुन्दर लिम्बू र उत्तमप्रसाद राईले दायर गरेको रिट खारेज गरे पनि सर्वोच्चले सरकारका नाममा निर्देशनात्मक आदेश भने दिएको छ।

अदालतले सरकारका नाममा भने गोर्खा भर्तीसम्बन्धी नेपाल, बेलायत र भारतबीचको त्रिपक्षीय सन्धि पुनरवलोकन गर्न परमादेश जारी गरेको छ।

भारत र बेलायतका गोर्खा रेजिमेन्टमा नेपाली युवा भर्ती गर्ने गरी नेपाल, भारत र बेलायतबीच सन् १९४७ मा त्रिपक्षीय सन्धि भएको थियो। त्यो सन्धि नेपालीको हितमा नरहेको, असमान र विभेदकारी रहेको भन्दै खारेजीको लागि माग गर्दै संघले रिट दायर गरेको थियो।

नेपाली युवालाई मित्र राष्ट्रविरुद्ध भाडाको सिंपाही बनाएर लडाउने गरेको भन्दै राष्ट्रिय स्वाधीनता र स्वाभिमानविरुद्ध रहेको संघले आरोप लगाउँदै आएको छ।

## रुपनी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**रुपनी, सप्तरी, मधेश प्रदेश, नेपाल**

### रुपनी गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।


**मलेसियामा रोजगारको अवसर** | कम्पनी: FOCUS FORCE SECURITY(M) SDN BHD
शहर: PINANG

पूर्व स्वीकृत मितिः २०७९/०८/२९ चलानी नं.: ६०१९३३७१ LT. No.: 277793 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 30 | 0 | स. काममा दक्ष | 1500 | ४६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**S.R. Group HR Consultancy Pvt. Ltd.**
(Access Partner Manpower Pvt. Ltd.)
Govt. Lic. No.: 1123/073/074
Address: Sinmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9818587303, 9818309178, 9841516281 | Web.: www.srgroupsa.com

**KUWAIT मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: LANDMARK CENTRAL MARKET CO W.L.L शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७९/०९/२४ चलानी नं.: ६०१९६२२३ L.T. No.: 280489

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ र ४ गते (15 & 16 February 2023) मा हुनेछ।

अंग्रेजी राम्रोसँग पढ्न, लेख्न र बोल्न सक्ने Mathematics मा ज्ञान भएको साथै मलेशिया तथा गल्फ देशहरुमा Furniture Assembling, Carpenter र नेपालमा Home Decor, Fitting Carpenter सम्बन्धी कामको अनुभव भएकाहरुलाई प्राथमिकता दिइनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Crown Employment Consultant Pvt. Ltd.**
श्रम इजाजत नं. २३५/०५८/०५९
Banshidhar Marga, Chappal Karkhana, Kathmandu, Tel: 4426566
Email: hr@crown.com.np | Mobile: 9801428705, 9801154533, 9801154534

**कुवेतमा वैदेशिक रोजगार** | Company : SAY SUCO COFFEE AND RESTAURANT COMPANY

पूर्व स्वीकृत मितिः २०७९/१०/२३ चलानी नं.: ६०१९६२२२ LT. No.: 280610

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WAITER / WAITRESS | 5 | 3 | स. काममा दक्ष | 150 | ६४,७८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 Feb. 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
रातोपुल, काठमाडौं, नेपाल, फोन: ४४६९३७२, ४४६१०७७, मो.: ९८४९१७०६०२, ९८०३०३०१११

**UAE मा रोजगार** | कम्पनी: FOOD BOOK RESTURANT L.L.C
शहर: UAE

पूर्व स्वीकृत मितिः २०७९/१०/०४ चलानी नं.: ६०१९५२१५ L.T. No.: 279659

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall And Market Saleperson | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Kitchen Helper | 30 | 0 | | 800 | २८,७६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.**
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८५११२२१९०,

**साउदीमा रोजगारको अवसर** | १. कम्पनी : ABAR AL MASHAREQ CONTRACTING EST

पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६२१६ L.T. No.: 280691

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ६३,३६० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Whole Vehicle Driver | 2 | 0 | | 1800 | ६३,३६० | | | | | | | |

२. कम्पनी : ABDULKHALEQ ABDULRAHIM ABDULHADI AL GHAMDI CAFE TO SERVE DRINKS

पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६२१७ L.T. No.: 280692

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Packaging And Wrapping Labor | 2 | 0 | स. काममा दक्ष | 1100 | ३८,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Fast Employment Service (P.) Ltd.**
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ माघ २०७९, बुधबार
8 February 2023, Wednesday

## सम्पादकीय

### सकारात्मक पहल

विगतमा संघीय संसद र सांसदहरूले गरेको कार्यको नकारात्मक टिप्पणी हुने एउटा विषय थियो– संसदमा स्वार्थ बाझिने सांसदहरूको कानून निर्माणमा सहभागिता । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछिको पहिलो प्रतिनिधिसभाको कार्यकालमा यो विषय अझ चर्को रूपमा उठ्यो । संसद र सांसदमा व्यवहार पनि स्वार्थ बाझिने विषयमा केन्द्रित भएका केही दृष्टान्त छन् । स्वयम् संघीय संसद सचिवालयका सचिव गोपालनाथ योगीको नेतृत्वमा गठित संसदका निर्देशन कार्यान्वयन अध्ययन समितिले 'सांसदहरूको स्वार्थ बाझिने विषयमा थप व्यवस्था आवश्यक रहेको निष्कर्ष' निकालेको थियो । अर्थात, ब्यापक छलफल भएको तर, निरूपण हुन नसकेको विषय हो, सांसदहरूको स्वार्थ र स्वार्थ रहेको विषयमाथिको छलफलमा सांसदहरूको संलग्नता ।

विगतको यही प्रश्नको निरूपणको प्रयास नयाँ संसदले गठन गरेको प्रतिनिधिसभा नियमावली मस्यौदा समितिले गरेको छ । मंगलबार मस्यौदा समितिको ६ घण्टा बसेको बैठकको मुख्य विषय सांसदहरूलाई स्वार्थ बाझिने संसदीय समितिको सदस्य हुन नदिने मा केन्द्रीत थियो । सकारात्मक विषय– स्वार्थ बाझिने संसदीय समितिमा सांसदलाई सदस्य हुन नदिने प्रावधान राख्न सबै दलहरू तयार भएका छन् । साना र ठूला नभनी दलहरू स्वार्थ बाझिने विषयमाथिको निर्णय प्रक्रियामा र संसदीय समितिको सदस्य नै हुन नदिन तयार भएका छन् । प्रतिनिधिसभा नियमावलीमा पनि स्वार्थ बाझिने विषयमाथिको छलफलमा सांसदहरू बस्न नहुने व्यवस्था विद्यमान छ । प्रतिनिधिसभा नियमावलीको नियम १९१ मा सांसदले 'छलफल र निर्णयमा भाग लिन नहुने' सम्बन्धी व्यवस्था छ । जहाँ भनिएका छ, 'कुनै समितिको विचाराधीन विषयसँग कुनै सदस्यको व्यक्तिगत स्वार्थ गाँसिएको भए सो विषयको छलफल र निर्णयमा सो सदस्यले भाग लिन हुँदैन ।' यसको प्रभावकारी कार्यान्वयन नभएपछि बाध्यकारी व्यवस्था राख्न खोजिएको हो ।

तर, सांसदहरूलाई स्वार्थ बाझिने संसदीय समिति र विषयमाथिको छलफलमा रोक लगाउन तयार भए पनि कानुनी उल्झन बाँकी छ । स्वार्थ बाझिने गरी सांसदहरूले आफैँ संसदीय समिति र छलफल नरोजे सहजै भयो । नत्र समस्या अझै रहनेछ । स्वार्थ बाझिएको र नबाझिएको निक्यौंल गर्ने कानुनी व्यवस्था छैन । स्वार्थ बाझिने विषयको स्पष्ट परिभाषा छैन । बाध्यकारी प्रावधान राखिए पनि स्वार्थ बाझिने विषयको स्पष्ट परिभाषा नहुँदा फेरि समस्या ज्यूँका त्यूँ रहन सक्छ । यसको निरूपण कानूनद्वारा नै गर्न सरकार र स्वयम् संघीय संसद चनाखो बन्नुपर्ने हुन्छ ।

# यसरी सुधार्न सकिन्छ अर्थतन्त्र

*निःसन्देह देशको अर्थतन्त्रलाई सुधार्ने पहिलो दायित्व सरकारको हो तर, सँगसँगै निजी क्षेत्र र प्रत्येक नेपालीको पनि केही न केही दायित्व रहन्छ ।*

**अग्रलेख**



● नन्दलाल खरेल

मुलुकले संघीय लोकतान्त्रिक/गणतान्त्रिक शासन व्यवस्थाको डेढ दशक पार गरिसक्दा पनि हाम्रो अर्थतन्त्र सबल हुनुको सट्टा झन् झन् कमजोर भएको छ । देशको अर्थतन्त्र बहुआयामिक समस्यातर्फ धकेलिएको बेला नेकपा (एमाले)का उपाध्यक्ष विष्णु पौडेलले उपप्रधानमन्त्रीसहित अर्थमन्त्रीको जिम्मेवारी पाएका छन् । अर्थमन्त्रीको रूपमा पौडेलको यो यात्रा तेस्रो हो । नयाँ अर्थमन्त्रीले अर्थतन्त्रका चुनौतीका चाङहरुलाई कसरी पार लगाउछन् हेर्न सबै उत्सुक देखिएका छन् । सर्वसाधारण महँगीले पिल्सिन पुगेका छन् । सरकारको आय र व्ययबीचको सन्तुलन बिग्रिएको, वित्तीय प्रणालीमा लगानी योग्य रकमको अभाव भएको, ब्याजदर बढेको, पुँजीगत खर्च गर्न नसकेको, उत्पादन र वस्तुको माग घटेको, रोजगारी गुमेको, सार्वजनिक ऋण बढेको, निर्यात घटेको, सञ्चिती पर्याप्तता धान्न सक्ने मात्र रहेको, विदेशी विनिमय सञ्चिती सामान्य मात्र बढेको आदि विभिन्न समस्याहरु छन् । अर्थमन्त्रीमा अर्थतन्त्रको गहिरो ज्ञान नराखे पनि धैर्यपूर्वक अरुको कुरा सुन्ने क्षमता देखिएको छ । अर्थमन्त्रीले विषय विज्ञहरुसँग अधिकतम् विमर्श गरी तत्काल मुख्य आठ वटा क्षेत्रमा सुधार गर्नुपर्ने गरी अघि बढ्नु पर्ने देखिन्छ ।

**आयात घटाउने उपायको खोजी** : सरकारले आयात घटाउने विभिन्न वैकल्पिक उपायको खोजी गर्नुपर्छ । नेपालको व्यापार घाटामा सबैभन्दा ठूलो योगदान दिने क्षेत्र पेट्रोलियम पदार्थ हो । सरकारले गत आर्थिक वर्षमा तीन खर्ब १० अर्ब १८ करोड रूपैयाँ बराबरको ३१ लाख ८९ हजार ७१६ किलोलिटर पेट्रोलियम पदार्थ आयात भएको थियो । विद्युतीय सवारीको प्रयोग बढाउने हो भने व्यापार घाटाकम गर्न सकिन्छ । विद्युतीय सवारी साधनको प्रयोग गराउन राज्यले यस्ता साधनमा भारी कर छुट दिनु पर्दछ । विद्युतीय सवारी साधनको प्रयोगले खर्च पनि घट्छ । जसका असरले ढुवानी खर्च पनि पेट्रोलियम पदार्थको भन्दा निकै कम पर्छ । नेपाल विद्युत प्राधिकरणले विद्युतीय सवारी एक घण्टाभित्र पूर्ण चार्ज गर्न सकिने तथा चार्जिङ स्टेशनमा विद्युतीय सवारी चार्ज गर्दा औषत प्रति किलोमिटरमा ७० पैसा मात्र खर्च हुने हुँदा चर्को मूल्यवृद्धि हुनबाट उपभोक्ताले राहत पाउने हुन्छ । आयात घटाउने अर्को मुख्य उपाय आन्तरिक उत्पादन बढाई कृषिमा आत्मनिर्भर हुन सक्नुपर्छ । कृषिमा ठूलो रकम झण्डै तीन खर्ब बाहिर गएको छ ।

**निर्यात वृद्धिको योजना** : निर्यात व्यापार देशको मेरुदण्ड हो । मुलुक समृद्धशाली नहुनुका मुख्य कारण हाम्रो निर्यात व्यापार कमजोर हुनु हो । हाम्रो निर्यात व्यापार गत आर्थिक वर्ष ०७८/७९ मा २ खर्ब ३० करोड पुगेको छ । निर्यात व्यापार अघिल्लो वर्षको तुलनामा ४१.७४ प्रतिशतले बढेको छ । तर, बिडम्बना स्वदेशमै उत्पादित वस्तुले निर्यात बढाइदिएको होइन । झट्ट तथ्यांक हेर्दा निर्यात राम्रो देखिन्छ तर, व्यवसायीले तेस्रो मुलुकबाट आयात गरिएको भटमास, कच्चा पाम तेल, सूर्यमुखी तेल, आयात गरी प्रशोधन गरेर निर्यात गरेका छन् । यसले उल्लेखनीय भूमिका खेल्न सक्दैन । आफ्नै देशमा रहेका स्रोत साधन प्रयोग गरी प्रशस्त नाफा राख्ने हो भने मात्र हामी बलियो अर्थात् सबल बन्छौं । यसको लागि आन्तरिक उत्पादन वृद्धि र निर्यात प्रोत्साहनका लागि सरकारले अझ विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ । व्यापार घाटा कम गर्न आयात निषेध होइन आन्तरिक उत्पादन बढाउनु पर्छ । आयात निषेध गर्दा देशको राजस्वमा प्रतिकुल असर पर्न सक्छ ।

**रेमिट्यान्सको सही सदुपयोग** : सरकारले संस्थागतरूपमा विभिन्न ११० मुलुकमा वैदेशिक रोजगारीमा जान खुला गरेको छ । गत आर्थिक वर्षमा आयातको तुलनामा निर्यातको फराकिलो अन्तर हुँदा विदेशी मुद्रा सञ्चितमा तीब्र क्षयीकरण आएको थियो । तर, गत आर्थिक वर्षको फागुन यता क्रमिकरूपमा रेमिट्यान्स आप्रवाहमा भइरहेको वृद्धिले देशको अर्थतन्त्रलाई टाट पल्टनबाट जोगाएको छ । राष्ट्र बैंकको वार्षिक तथ्यांकअनुसार गत आर्थिक वर्षमा ८ अर्ब ३३ करोड अमेरिकी डलर रेमिट्यान्स भित्रिएको छ । वर्तमान विनिमय दरअनुसार यो १० खर्बभन्दा बढी हुन आउँछ । यो अहिलेसम्मकै उच्च हो तर, बिडम्बना यो रेमिट्यान्स उत्पादन क्षेत्रमा नलगाई उपभोगमै सिद्धिने गर्दछ । रेमिट्यान्सलाई आन्तरिक कृषि उत्पादन र औद्योगिक क्षेत्रमा सदुपयोग गर्ने हो भने हाम्रो अर्थतन्त्रको वृद्धिदर निकै राम्रो हुनेछ ।

कतिपय रेमिट्यान्स अनुत्पादक क्षेत्र जस्तै जग्गा जमिन जोड्न, सुविधा सम्पन्न घर निर्माण गर्न, अटो मोवाइल्स किन्न प्रयोग गर्छौं । तर, हामी त्यो रेमिट्यान्स कृषि उत्पादन बढाउन, कृषिमा आधुनिकीकरण गर्न, औद्योगिक क्षेत्रमा लगाउन चाहँदैनौं । अनि भन्छौ सरकारले व्यापार घाटा बढायो ।



*हाल सार्वजनिक, निजी र सहकारी तीन खम्बे अर्थनीति देशले अबलम्बन गरेको छ । यी तीन क्षेत्रको सन्तुलित विकासले नै अति कम विकसित राष्ट्रको दर्जाबाट फड्को मार्न सक्छौं । यसको लागि तीन वटै सरकारहरू (स्थानीय, प्रदेश र संघीय)ले प्राकृतिक स्रोत साधनको बाँडफाँट, राजस्वको संकलन, कानून निर्माणका सवालमा गहन छलफल गरी अघि बढे अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्नेछ ।*

सरकारले पनि आफ्नो मातहतमा कार्यालयमा स्वदेशी वस्तुको प्रयोगमा जोड दिन सकेको छैन । महँगा अटोमोबाइल्स किन्नमै जोड दिएको छ । कतिपय उच्च घरानीया व्यापारी, उद्यमीहरू पनि देशमै उत्पादन बढाउनुको सट्टा ट्रेडिङ/आयातमै ध्यान दिएका छन् ।

**ऋणको सदुपयोग** : हाम्रो देशको सार्वजनिक ऋण हरेक वर्ष बढिरहेको छ । अहिले हाम्रो ऋण २० खर्बभन्दा माथि पुगेको छ । अर्थतन्त्रको उत्पादन क्षमता वृद्धि गर्न तथा दीर्घकालिन महत्वका पूर्वाधारमा ऋण लिनु सही हो, तर चालु खर्च धान्न ऋण लिनु राष्ट्रको लागि घातक छ । सात वर्ष अघिसम्म कुल ग्राहस्थउत्पादन (जीडीपी)को अनुपातमा २२.५ प्रतिशत रहेको ऋण अहिले ४४.४७ प्रतिशत पुगेको छ । जीडीपीको आकारमा ३० प्रतिशतभन्दा बढी ऋण नबढाउने र ऋणलाई पुँजीगत खर्च र उत्पादनशील बनाउने हो भने अर्थतन्त्रमा सुधार गर्न सकिन्छ ।

**बैंकिङ्ग कर्जा उत्पादनमुलक क्षेत्रमा** : बैंकिङ्ग कर्जा उत्पादनमूलक क्षेत्रमा जान सकेको छैन । कृषि क्षेत्रमा छुट्टाएको कर्जाको सीमा पनि राष्ट्र बैंकका अनुसार पुऱ्याउन सकेका छैनन् । नेपाल राष्ट्र बैंकले वित्तीय संस्थाहरुलाई लगानी योग्य रकमको १५ प्रतिशत कृषि क्षेत्रमा लगानी गर्न भनेकोमा उनीहरुले १२.२७ प्रतिशत मात्र लगानी गरेका छन् । राष्ट्र बैंकका अनुसार हालसम्म बैंक तथा वित्तिय संस्थाहरुले ५० खर्बभन्दा माथि डिपोजिट उठाएका छन् । यस्तै बैंक तथा वित्तिय संस्थाहरुले ४७ खर्बभन्दा माथि कर्जा प्रवाह गरेका छन् । यो कर्जा आधाभन्दा बढी मारवाडी व्यापारीक घरानाको कब्जामा छ । बैंकिङ्ग कर्जालाई धेरै मानिसको हातमा पुऱ्याउनु पर्छ । तर, बैंकिङ्ग कर्जा घरजग्गा, अटोमोबाइल्स र सेवा क्षेत्रमा बढी छ । बैंकिङ्ग कर्जालाई उत्पादनमूलक क्षेत्रमा लगाउने हो भने आर्थिक वृद्धिदर बढ्न गई अर्थतन्त्रमा सुधारको दिशामा जानेछ ।

**वित्तीय नीतिमा हेरफेर** : निजी क्षेत्रले अहिले भोगेको ठूलो समस्या भनेको बढ्दो ब्याजदर र तरलता अभाव नै हो । मुनाफाबाट ब्याज नै तिर्न नसक्ने गरी १७ प्रतिशतसम्म ब्याज पुगेको छ । औसतमा १० प्रतिशत रहेको ब्याजदरमा थप प्रिमियम लिन सक्ने व्यवस्थाले उद्योगी व्यवसायी संकटमा छन् । निजी क्षेत्रले चालु पुँजीकर्जासम्बन्धी मार्गदर्शन तत्काललाई स्थगन गर्ने माग राखेर सडक र सत्ताबाट चर्को दबाब दिएपछि नेपाल राष्ट्र बैंकले बिचको बाटो तय गरेको छ । राष्ट्र बैंकले सीमाभन्दा बढी कर्जा लिनेहरुका लागि किस्तामा भुक्तानी गर्ने व्यवस्था गरेको छ । जसअनुसार चालू पुँजीकर्जा चुक्ताका लागि २०८२ असार मसान्तसम्मको समय दिएको छ । "यसअघि कहिले तिर्ने भन्ने तोकिएको थिएन, जसका कारण ऋणीहरु बैंकमा पुग्ने वित्तिकै अब मैले तिर्ने भनेर डराएको पाइयो ।" त्यसैले यसमा किस्ताका लागि समयावधि छुट्याएकोले यही असार मसान्तभित्र १० प्रतिशत भुक्तानी तिरिसक्नु पर्ने व्यवस्था गरिएको छ । मार्गदर्शन संशोधन गर्दै केन्द्रीय बैंकले ऋणीहरुलाई विभिन्न समयमा पाँच किस्तामा कर्जा तिर्नसक्ने व्यवस्था समेत गरेको छ । नीजि क्षेत्र अर्थतन्त्रको मेरुदण्ड हो । सरकारको राजस्व आयमा ७० प्रतिशत हिस्सा यसले ओगट्छ । अर्थमन्त्रालय र नेपाल राष्ट्र बैंकले नीजि क्षेत्रसँग समन्वय गरेर वित्तीय नीतिमा हेरफेर गरी अघि बढ्नु जरुरी छ ।

**पर्यटन क्षेत्रको विकास** : अर्थतन्त्रलाई सुधार गर्न पर्यटन पुनरूत्थानमा जोड दिनुपर्छ । विगतका वर्षहरुमा ८० अर्ब रूपैयाँ यस क्षेत्रबाट भित्रिन्थ्यो । तर, कोभिड महामारीपछि सात-आठ अर्ब रूपैयाँमा खुम्चिएको छ । नेपालमा पर्यटनको प्रचुर सम्भावना छ । यसको लागि सरकारले आवश्यक बजेट बिनीयोजन गरी पर्यटकीय क्षेत्रमा भौतिक पूर्वाधारमा खर्च गर्न सके विदेशी मुद्रा भित्र्याउन सकिन्छ । जीडीपीमा पर्यटन क्षेत्रको हिस्सा १० प्रतिशत पुऱ्याउन सके अर्थतन्त्रमा कहिल्यै संकट आउँदैनन् । यसतर्फ सम्बन्धित निकायको ध्यान जान जरुरी छ ।

**कृषि क्षेत्रको विकास** : पछिल्लो १० वर्षमा देशको कुल ग्राहस्थ उत्पादन (जीडीपी)मा कृषिको योगदान घट्दै गएको छ । आर्थिक वर्ष ०७८/०७९ मा जीडीपीमा कृषिको योगदान २३ दशमलव ९५ प्रतिशत रहेको छ । यो पछिल्लो १० वर्षयताकै कम हो । त्यस्तै कृषि क्षेत्रको वृद्धिदर दुई दशमलव २३ प्रतिशतमा सीमित भएको छ । ०७०/७१ मा कृषि क्षेत्रमा योगदान ३० प्रतिशत रहेको थियो । जीडीपीमा कृषि क्षेत्रको योगदानलाई बढाउने हो भने कृषिमा परनिर्भरता घट्छ । अहिले पेट्रोलियम पदार्थपछि कृषिजन्य वस्तुमा ठूलो रकम बाहिर गएको छ । यसलाई हामीले रोक्न सक्ने हो भने अर्थतन्त्रमा सुधार गर्न सकिन्छ ।

निःसन्देह देशको अर्थतन्त्रलाई सुधार्ने पहिलो दायित्व सरकारको हो तर, सँगसँगै निजी क्षेत्र र प्रत्येक नेपालीको पनि केही न केही दायित्व रहन्छ । हामी नेपालीहरु व्यापार घाटाको कुरा गर्छौं तर, हामी स्वदेशी वस्तुको प्रयोग गर्दैनौ । आफैंले उत्पादन गर्न सक्ने कृषिजन्यवस्तुहरु समेतमा परनिर्भरता हुन्छौं । हामी दही, मोही, दुध खान छोडेर मल्टिनेशन कम्पनीको पेय पदार्थ खान्छौं । आज ५६ प्रतिशत घरधुरीमा रेमिट्यान्स भित्रिएको छ तर, त्यो पैसा उपभोगमै सिध्याउँछौं । त्यो पनि तेस्रो मुलुकमा उत्पादन भएको वस्तुमा ।

अन्त्यमा, संविधानले आर्थिक सवालमा स्पष्ट धारणा राखेको छ । संविधानको प्रस्तावनामै "आर्थिक समानता, समृद्धि र सामाजिक न्याय समतामूलक समाज, समाजवादप्रति प्रतिबद्धता" भनि उल्लेख छ । नेपालका मूलधारका राजनैतिक दलहरुको आर्थिक एजेण्डामा फरक-फरक धारणा रहेपनि तत्कालका लागि स्वीकारेको अर्थव्यवस्था भनेको 'समाजवाद उन्मुख पुँजीवादी अर्थव्यवस्था' नै हो । त्यसैले हाल सार्वजनिक, निजी र सहकारी तीन खम्बे अर्थनीति देशले अबलम्बन गरेको छ । यी तीन क्षेत्रको सन्तुलित विकासले नै अति कम विकसित राष्ट्रको दर्जाबाट फड्को मार्न सक्छौं । यसको लागि तीन वटै सरकारहरु (स्थानीय, प्रदेश र संघीय) ले प्राकृतिक स्रोत साधनको बाँडफाँट, राजस्वको संकलन, कानून निर्माणका सवालमा गहन छलफल गरी अघि बढे अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्न सक्नेछ । कुनै एउटा क्षेत्रको विकासले मुलुकका आर्थिक चुनौतिको सामना गर्न सक्छ भन्ने देखिँदैन । यसका लागि दुरदृष्टि, इमानदार प्रयत्न र कठोर प्रतिवद्धता आवश्यक पर्दछ ।

*(खरेल अर्थराजनीतिक विश्लेषक हुन् ।)*

## सामाजिक सञ्जाल



**- नवराज पन्त**

नेपाल पनि भूकम्पीय जोखिम भएको मुलुक हो । हामीले अग्ला भवन निर्माणमा सीमा तोक्नु जरूरी छ । धेरै अग्ला भवन भोली भुत बंगाला हुनसक्छन् । नेपालमा बनेको कोरियन प्रविधिको स्याण्डिवच प्यानेल प्रयोग गरेर हल्का सस्ता ५० वर्ष टिक्ने बलियो सुरक्षित घर बनाउनु जरूरी देखिन्छ । नेपाल सरकारको चेत खुलोस् ।



**- अर्जुन आचार्य**

रविको विरूद्ध मिडिया जति ठूलो अभियान छेडेर लाग्छ, रविको समर्थन त्यही गतिमा बढ्दै जान्छ । अहिले समाजमा डढेलो सल्केको देखिन्छ । बेथिति र आर्थिक संकटले थिचेको समाज छ । मिडियाले उही पुरानो जमाना सम्झेर न्यायाधीश बन्ने कोसिस गरे मिडियातन्त्र विरूद्ध उथलपुथल हुने र यो प्रणाली पनि खेर जान सक्छ ।



**- भीम रावल**

राजनीतिक सिद्धान्त, मूल्य, मर्यादामा विश्वास गर्ने, देश र जनताप्रति इमानदार, तथ्यबाट सत्य खोज्ने राजनीतिक कर्मीले आरोपको तथ्यगत खण्डन गर्छ । आलोचना सुन्छ । सत्य तथ्य औंल्याउने र गल्तीको आलोचना गर्ने लोकतान्त्रिक मान्यतालाई मान्छ । गालीगलौजमा उत्रिन्न । यस कसीमा रवि लामिछानेको जाँच गरौं ।



**- आशिशभद्र खनाल**

जो माफिया र सिण्डिकेटको सदस्य छ, उसलाई लाग्दैन कि उसले यो देश बिगारिराखेको छ । तर, यथार्थमा टेक्सी ड्राइभर र माइक्रोको सिण्डिकेटभन्दा बौद्धिक वर्गको सिण्डिकेटले देश उठ्नै नसक्ने गरी थला पर्दैछ । जुन पछिल्ला घटनाक्रमले पनि पुष्टि गरेका छन् ।



**- यमुना पराजुली**

रबि लामिछानेले भनेको एउटा वाक्य " मैले उन्मुक्ति पाउनु पर्छ भनेको होइन । म गलत छु भने सजाय पाउनु पर्छ । अरू पनि त गलत छन् । मैले सजाय पाउँदा अरूले किन नपाउने ? कानुन सबैलाई बराबर हुनुपर्छ ।" तर खोइ त यो वाक्यलाई हेडलाईन बनाएर लेख्न सक्ने मिडिया ? यसबाट हामी जनताले के बुझ्ने ?

# 'मध्यावधि चुनाव'सम्मको खतरा !

**टिप्पणी**



● युवराज न्यौपाने

*सत्ता गठबन्धन भत्किने र नयाँ बन्ने खेल सहज छैन । यसअघि जे-जस्ता दाउपेचका घटनाहरू राजनीतिमा देखिए, यसले गठबन्धन भत्किँदा राजनीतिक अवस्था निकै अप्ठ्यारोमा पर्ने जनाउँछ । यदि गठबन्धन भत्कियो भने मुलुक 'मध्यावधि चुनाव'सम्मको अवस्थामा जान सक्छ । मध्यावधि चुनावसम्म जाने विषय मुलुकका निम्ति अर्को ठूलो सकसको विषय हो ।*

निर्वाचन आयोगले आगामी फागुन २५ गतेका लागि राष्ट्रपति चयन गर्न निर्वाचनको मिति तय गरेको छ । जसअनुसार अबको एक महिनामा राष्ट्रपतिको निर्वाचन हुनेछ । तर, राष्ट्रपतिको निर्वाचनको विषयलाई लिएर सत्ता गठबन्धनभित्र ठूलो विवाद र अविश्वास सिर्जना भएको छ । गठबन्धनको ठूलो दल नेकपा (एमाले)ले सरकार गठनपूर्व भएको सहमतिअनुसार राष्ट्रपतिको उम्मेदवार आफ्नो दलको हुनुपर्ने अडान लिएको छ भने सरकारको नेतृत्वकर्ता नेकपा (माओवादी केन्द्र)ले 'राष्ट्रिय सहमति'को कुरा उठाएको छ । यस्तोमा सत्ता गठबन्धनभित्र कसरी सहमती हुन्छ भन्ने अन्योलता देखिएको छ ।

सरकार गठनपूर्व पुस १० मा एमाले र माओवादी केन्द्रबीच प्रधानमन्त्रीसहित राष्ट्रपति, सभामुख, राष्ट्रियसभा अध्यक्षलगायतका विषयमा पनि 'भद्र' सहमति भएको थियो। दुवै दलका नेताहरुकै भाषालाई लिँदा एमालेले राष्ट्रपति लिने प्रधानमन्त्री र सभामुखमा आलोपालो गर्ने सहमति बनेको थियो । तर, पुस २६ मा प्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्ड'ले विश्वासको मत लिएपछि उक्त सहमति अन्योल बन्यो । जब कांग्रेसले प्रचण्डलाई विश्वासको मत दियो तब सत्ता गठबन्धनभित्र दरार उत्पन्न भयो ।

कांग्रेसले प्रचण्डलाई किन विश्वासको मत दियो ? कांग्रेसकै नेताहरुको भाषामा 'संविधानको रक्षाको निम्ति' विश्वासको मत दिइएको थियो । कांग्रेसले एकातिर गठबन्धन तोडिएको विषयलाई 'सच्याउन' खोजेको छ भने अर्कोतिर एमालेले पुनः देशलाई दुर्घटनामा पुऱ्याउन सक्ने जोखिम देखाएको छ । जे भनेपनि कांग्रेस सत्ता गठबन्धनलाई एक हदसम्म तोडेर आफु गठबन्धनभित्र प्रवेश गर्न सफल भएको छ । कांग्रेसको ' इन्ट्री'ले गठबन्धनभित्र ठूलो दरार मात्रै पैदा गराएको छैन विघटनको संघारमा समेत पुऱ्याएको छ ।

'गृहमन्त्रालय'को विवादमा रवि लामिछाने नेतृत्वको रास्वपा अहिले सरकारबाट बाहिरिएको छ । रास्वपाले गृहमन्त्रालयलाई आफ्नो प्रतिष्ठाको विषय बनाएको थियो। तर, माओवादी केन्द्रको अडानपछि रास्वपा बाहिरिने अवस्थामा पुग्यो । गठबन्धनभित्र जब एमाले कमजोर बन्यो तब, माओवादी केन्द्र हाबी हुने अवस्थामा पुग्यो । रास्वपा बाहिरिने अवस्थाको खेल एमाले कमजोर हुनुको नतिजा हो ।

अहिले गणतन्त्रवादी र राजावादीबीच संसदमा जुन खालको लडाईं देखिएको छ, यसले सत्ता साझेदार राष्ट्रिय प्रजातन्त्र पार्टीलाई सरकारमा रहने अवस्था बनाएको छैन । प्रधानमन्त्री प्रचण्डले जस्तो खालको चेतावनी दिएका छन्, त्यसले मनोवैज्ञानिकरुपमा साझेदारको रुपमा रहने अवस्था राप्रपालाई छैन । यी घटनाक्रमले राप्रपालाई सरकारबाट बाहिरिन जबरजस्त दबाब दिइरहेको छ । यदि सरकारबाट राप्रपा बाहिरिने अवस्था बन्यो भने गठबन्धनभित्र एमाले थप कमजोर हुनेछ र माओवादी केन्द्र बलियो हुनेछ ।


अहिले माओवादी केन्द्रले एमालेको असन्तुष्टिकै बीच जनता समाजवादी पार्टी र एकीकृत समाजवादी पार्टीलाई सरकारमा ल्याउने प्रयास थालेको छ । एमालेको असन्तुष्टिकै बीच माओवादीले जस्तो तयारी गरेको छ, यसले एमालेलाई थप चिढ्याउने मात्रै होइन गठबन्धनभित्रको कायम विश्वासको वातावरण पनि खल्बल्याउने अवस्था रहन्छ । यसले प्रष्ट पार्दछ, माओवादी पुरानै गठबन्धनलाई ब्यूँताउन उद्धत छ । माओवादीले विस्तारै हालको मुख्य सत्ता साझेदार दल एमालेलाई नै पाखा पन्छाउने प्रयास गरिरहेको छ ।

प्रधानमन्त्री प्रचण्डका प्रमुख राजनीतिक सल्लाहकार हरिबोल गजुरेलले एक टेलिभिजन अन्तरवार्ताका क्रममा ' गठबन्धन भंग हुने वा कायम हुने भन्ने विषय एमालेको निर्णयमा भर पर्ने' बताएका थिए । उनले एमालेले माओवादीको प्रस्तावलाई स्वीकार गरे गठबन्धन कायम रहने नत्र नरहने बताएका थिए । जसको अर्थ राष्ट्रपति कुनै हालतमा एमालेलाई नदिने भन्ने कोणबाट माओवादी अगाडि बढेको छ । यसले स्पष्ट पार्छ राष्ट्रपति चुनावको पेरिफेरिमै सत्ता गठबन्धन भत्कन्छ र नयाँ गठबन्धन बन्छ ।

तर, सत्ता गठबन्धन भत्किने र नयाँ बन्ने खेल सहज छैन । यसअघि जे-जस्ता दाउपेचका घटनाहरु राजनीतिमा देखिए, यसले गठबन्धन भत्किँदा राजनीतिक अवस्था निकै अप्ठ्यारोमा पर्ने जनाउँछ । यदि गठबन्धन भत्कियो भने मुलुक 'मध्यावधि चुनाव'सम्मको अवस्थामा जान सक्छ । मध्यावधि चुनावसम्म जाने विषय मुलुकका निम्ति अर्को ठूलो सकसको विषय हो । यदि सत्ताका खेलाडीहरु मुलुकको अवस्थालाई सही ढंगले बुझ्ने हो भने यस्ता कुर्चीका फोहोरी खेललाई तत्कालै सच्याउन आवश्यक छ । नत्र मुलुककै भविष्यसमेत खतरामा पर्न सक्छ ।

## तपाईको राशिफल

| | | |
|---|---|---|
| मेष | : | पारिवारिक र सामाजिक जीवन सुखी एवम् प्रभावशाली रहनेछ । |
| वृष | : | सामाजिक सहयोग बढ्नेछ तथा राजकीय कार्यमा वृद्धि हुनेछ । |
| मिथुन | : | बाहन सावधानी राख्नुहोला । मुकद्मा सम्बन्धी समस्याको योग छ । |
| कर्कट | : | लेनदेनमा सावधानी राख्नुपर्छ । आर्थिक कार्यहरूमा अनुकूल प्रगति हुने देखिन्छ । |
| सिंह | : | बाहन सावधानी जरूरी छ । आकस्मिक धनलाभको समेत योग छ । |
| कन्या | : | विदेश यात्राको योग छ । दैनिक कार्यहरू सफल हुनेछन् । |
| तुला | : | अनावश्यक जिम्मेवारी लिनु हुँदैन । सम्मानमा वृद्धि हुन्छ । |
| वृश्चिक | : | साथी–भाईबीच सम्बन्ध राम्रो भइरहनेछ । मनोबल उच्च रहन्छ । |
| धनु | : | सबै कार्यमा सावधानी, विनम्रता र धैर्य राख्न आवश्यक छ । सफलताको योग छ । |
| मकर | : | हतारमा कुनै निर्णय नलिनु होला । स्वास्थ्य सामान्य रहनेछ । |
| कुम्भ | : | व्यापारिक कार्यमा लाभ हुनेछ । आहारमा ध्यान दिन आवश्यक छ । |
| मीन | : | दैनिक कार्यमा प्रगति हुन्छ । आध्यात्मिक यात्राको योग छ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम । सानेपा, काठमाडौं, नेपाल*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# सञ्चारको अवस्था र आचारसंहिता सम्बन्धी अन्तरक्रिया



**इसत्याक अहमद / मध्यान्ह**
रौतहट, २४ माघ

रौतहट गौरमा सञ्चारको अवस्था तथा आचारसंहिता पालना सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । जिल्लाका सक्रिय पत्रकारहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । रौतहट उद्योग वाणिज्य संघ गौरको सभाहलमा मिडिया काउन्सिल मधेश प्रदेश, जनकपुरधामको आयोजक तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाको संयोजकमा भएको कार्यक्रममा मिडिया काउन्सिल मधेश प्रदेश जनकपुरधामका कार्यवाहक अध्यक्ष कैलाश दासको प्रमुख आतिथ्यता रहेको थियो ।

कार्यक्रममा समाजवादी प्रेस संगठन रौतहटका अध्यक्ष दिनेश यादवले यस्ता अन्तरक्रिया समय समयमा गर्नुपर्ने बताए । पत्रकार दिनेश यादवले केन्द्र शाखा वा जिल्ला शाखा जिम्मेवारीबाट पन्छिन नहुने बताए। नेपाल पत्रकार महासंघ मधेश प्रदेश समिति सदस्य शैलेन्द्र झाले पहुँचको आधारमा सूचना लिने होडबाजी गर्न नहुने बताए। उनले स्थानीय दैनिक पत्रिका चलाउन धौधौ परेको बताए ।

रौतहट जिल्लामा गत वर्षमा करिब १ सय ४ वटासम्म रेडियो, पत्रिका दर्ता भएको थियो । सदस्य शैलेन्द्र झाले सामाजिक सञ्जाल फेसबुकमा बढी लेख्ने, पत्रिकामार्फत् समाचार न्यून लेख्ने गरेको, फेसबुकले आपसी सद्भाव बिगार्ने काम भएको र आम निर्वाचनको समयमा आचारसंहिताको मात्र उजागर गर्ने गरेको बताए ।

नेपाल पत्रकार महासंघ रौतहटका पूर्व अध्यक्ष शैलेन्द्र गुप्ताले रौतहटको पत्रकारितामा विकृति देखा परेको बताए । मिडिया काउन्सिलका सदस्य एवं नेपाल पत्रकार महासंघ केन्द्र शाखा सदस्य बन्दना झाले रौतहटमा महिला पत्रकारको संख्यामा कमी आउनु चिन्ताको विषय भएको बताइन् ।

प्रमुख अतिथि दासले पहुँचको आधारमा विज्ञापन लिने प्रवृत्ति रोक्न मदेश प्रदेश सरकारले मिडिया काउन्सिल गठन गरेको बताए । आन्दोलन, प्रदेश स्थापनादेखि कोरोना कालसम्म पत्रकारको भूमिका अहम् रहेको उनको भनाइ छ । उनले सञ्चारमाध्यम अनुगमन गरी वर्गीकरण कार्यविधि निर्माण गरेर विज्ञापनको व्यवस्थापन गराउने, मिडिया काउन्सिलले प्रदेश भित्र रहेको सञ्चार माध्यम तथा संचारकर्मीलाई सेवा सुविधा दिलाउने बताए ।

कार्यक्रमको अध्यक्षता नेपाल पत्रकार महासंघ रौतहट शाखा अध्यक्ष प्रेम चन्द्र झाले गरेका थिए। कार्यक्रमबारे मिडिया काउन्सिलका प्रशासकीय अधिकृत मुनेश्वर यादवले जानकारी गराएका थिए। महासंघका उपाध्यक्ष प्रविण शर्माले सञ्चालन गरेको कार्यक्रममा पत्रकार प्रभात झाले स्वागत मन्तव्य राखेका थिए ।

# प्रधान सेनापति र स्वीट्जरल्याण्डका राजदूतबीच भेटवार्ता



**काठमाडौं / मस-** प्रधान सेनापति प्रभुराम शर्मा र नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत एलिजाबेथ वोन क्यापेलबीच भेटवार्ता भएको छ ।

मंगलबार जंगी अड्डास्थित प्रधान सेनापति शर्माको कार्यकक्षमा भएको उक्त भेटघाटमा दुई पक्षीय आपसी हित तथा पारस्परिक सम्बन्धका विषयमा छलफल भएको नेपाली सेनाको जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

सो अवसरमा प्रधानसेनापति शर्माले यस किसिमको भेटघाटले दुई देशबीच रहिआएको सम्बन्ध थप सुमधुर एवं प्रगाढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गरेका थिए ।


## हकदावी सम्बन्धी लिक्विडेटरको ३५ दिने सूचना

श्री कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०६९।१२।२२ मा दर्ता भएको फिष्टेल सब रेमिट प्रा.लि. (दर्ता नं. १११२८०) को मिति २०७९।०९।२२ गते को वार्षिक साधारण सभाबाट कम्पनीलाई कम्पनी ऐन, २०६३ को दफा १२६ अनुसार स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले कम्पनीलाई खारेजी प्रक्रियामा लगिएको हुँदा उक्त कम्पनीसँग कोही कसैको लेनदेन, बाँकी बक्यौता रहेको भए प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ। म्यादभित्र दावी नगरिएमा पछि कोही कसैको कुनै उजुर दावी लाग्ने छैन ।

**लिक्विटेटर : शरण चन्द्र सापकोटा इजाजत पत्र नं. : ५४५**
**ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १०, बिजुलीबजार**
**मोवाइल नं. : ९८४१२४६४७१** इमेल : Sharansapkota7@gmail.com



नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
## वैदेशिक रोजगार विभागको
## सूचना
**प्रकाशित मितिः २०७९/१०/२५**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री Eminence Recruitment International Pvt. Ltd. **(ई.प.नं. १५६९/०७९/०८०)** ले आफ्नो कार्यालयको साविक ठेगाना **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ०९** लाई परिवर्तन गरी **काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३१** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## कतारमा रोजगार
१. कम्पनी : MIDDLE EAST REINFORCEMENT CO WLL
शहरः Qatar, DOHA
पूर्व स्वीकृत मितिः २०७९/०२/०९ चलानी नं.: ६०१७९७२३ LT. No.: 263304 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ४९,२८० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**प्रुडेन्सियल ओभरसिज प्रा. लि.**
तिनकुने, काठमाडौं, नेपाल, Tel:- 01-5104525
Mob.: 9802002016
श्रम इजाजत नं. ८००/०६५/०६६



## SAUDI मा रोजगारको अवसर
कम्पनी: BUNIYAN AL HASA CONT EST
शहर : SAUDI ARAB
पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.:६०१९६१८३ L.T. No.: 280643

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**ALON OVERSEAS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Tel : 4482413, 4497053
Email: hr.pms860@gmail.com | Website: www.alonoverseas.com
Govt. Lic. No. 1464/074/075



## साउदीमा रोजगार
१. कम्पनी: IBRAHIM ABDULAZIZ AL-SUBAIE FARM
शहर: Saudi Arabia,alqassim
पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६१८९ L.T. No.: 280731

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: SALEH AL-OBAID CONTRACTING EST
शहर: Saudi Arabia,RIYADH
पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६१९० L.T. No.: 280732

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agricultural Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०



## मलेसियामा रोजगार
कम्पनी: EXPOAM SECURITY SERVICES SDN BHD
शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०७९/०६/०५ चलानी नं.: ६०१८८१०९ LT. No.:272377 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 16 | 0 | स. काममा दक्ष | 1500 | ४६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुण ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वि. एस. ओभरसिज प्रा. लि.**
पो.ब.नं.: १५१४२, सामखुसी - ३, काठमाडौं, नेपाल
फोन नं.: ०१-४९६३३५८, ०१-४९८७४०२, ०१-४३६४४१०
E-mail: info@bsoverseasnepal.com.np, bsoverseasnepal1@ gmail.com
website: www.bsoverseasnepal.com.np
श्रम इजाजत नं. ५४०/०६१/०६२
ISO 9001 : 2015 CERTIFIED Regd No : 19313/A/001/En



## कुवेतमा रोजगार
१. कम्पनी: WALLS FOR LIGHT SNACKS CO.
शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०७८/०९/२२ चलानी नं.:६०१९३९८४ LT. No.: 255438 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 1 | 2 | सम्बन्धित काममा दक्ष | 130 | ५६,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 1 | 0 | | 110 | ४७,५१२ | | | | | | | |
| 3. | Barista | 0 | 1 | | 150 | ६४,७९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**BAIBHAV OVERSEAS PVT. LTD.**
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
Email: baibhav.ovs@gmail.com
Mobile: 9745942087, 9823254877
श्रम इजाजत नं. ३७३/०५९/०६०



## साउदीमा रोजगारको अवसर
१. कम्पनी : AUTOMOTIVE SYSTEMS ACCURACY EST
शहर: Saudi Arabia,Riyadh
पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६१९६ LT. No.: 280679

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mobile Car Wash Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**बिराट ओभरसिज इन्टरनेशनल प्रा. लि.**
घर नं. २९, सिनामंगल-०९, काठमाडौं, फोन: ४११०९६०, ४११०९६२, डाइरेक्ट लाइन : ४११०७१२
Email: info@biratoverseas.com, biratoverseas2017@gmail.com | Url: www.biratoverseas.com
Lic No.: 836/066/067



## साउदी र कुवेतमा रोजगार
१. कम्पनी: ABDUL RHMAN SAAD AL RASHED & SONS CO.
शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६१४४ LT. No.: 280642

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Utensil Cleaner | 15 | 0 | स. काममा दक्ष | 1000 | ३५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: BOB DRIVE-IN RESTAURANT COMPANY
शहर: Kuwait
पूर्व स्वीकृत मितिः २०७९/०४/२२ चलानी नं.: ६०१८४७२४ LT. No.: 269029 पुन:विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOR | 1 | 0 | स. काममा दक्ष | 120 | ५१,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०७९ फागुन ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com
श्रम इजाजत नं. ८७५/०६६/०६७



## साउदीमा रोजगार
कम्पनी: SHAML AL MANAR CONTRACTING
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०७९/१०/२३ चलानी नं.: ६०१९६१३० LT. No.: 280529

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: SHALVES WORLD EST FOR OPERATION & MAINTENANCE
शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०७९/१०/२४ चलानी नं.: ६०१९६१७५ LT. No.: 280683

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Labour | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ फागुण ३ गते (15 February 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

